**माडी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

घर्तीगाउँ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड : ८ संख्याः ३ मितिः २०८१/०६/०८

## भाग-२

## माडी गाउँपालिका

## कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धि कार्यविधि, २०८१

*पारित मितिः २०८१/०६/०२*

**प्रस्तावना**

स्थानिय सरकारलाई पुर्णरुपमा जनता प्रति उत्तरदायी बनी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन तथा कर्मचारीलाई स्थानिय सरकार संचालन सम्बन्धि ऐन २०७४ को मर्म अनुरुप स्थानिय सरकार प्रति अपनत्वको भावना श्रृजना गराउने हेतुले यो कर्मचारी प्रोत्साहन तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि २०८१ लागु गरिएको छ।

### परिच्छेद-एक

### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम** : यो कार्यविधिको नाम कर्मचारी प्रोत्साहन तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि २०८१ रहनेछ।

२. यो कार्यविधि २०८१/०४/०१ देखि प्रशासन सेवा अन्तर्गतका प्रमुख प्रशासकिय अधिकृत, प्रशान शाखा प्रमुख, योजना शाखा प्रमुख, जिन्सी शाखा प्रमुख, आर्थिक प्रशासन शाखाअन्तर्गतका सम्पुर्ण कर्मचारीलाइ र प्राविधिक (इन्जिनियरिङ) शाखा अन्तर्गतका सम्पुर्ण कर्मचारीहरुलाई लागु हुनेछ।

## परिच्छेद-दुई
## परिभाषा

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१. प्रोत्साहन तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि भन्नाले माडी गाँउपालिका कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि २०८१ सम्झनु पर्दछ ।

२. गाँउपालिका भन्नाले नेपालको संविधान २०७२ अनुरुप निर्माण भएको माडी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय घर्तिगाउँ रोल्पा सम्झनु पर्छ ।

३. प्रोत्साहन भत्ता भन्नाले तोकिएका कर्मचारीलाई कार्यालय समय भन्दा अतिरिक्त कार्य गरेवापत प्रोत्साहन स्वरुप दिइने सुविधा सम्झनु पर्छ र फिल्ड भत्ता भन्नाले तोकिएका कर्मचारीहरुलाई पुर्वाधार विकास सम्बन्धी योजनाहरुको कार्यान्वयनको शिलसिलामा फिल्डमा खटिए वापत दिइने सुविधा भन्ने सम्झनु पर्छ ।

## परिच्छेद- तिन
## वित्तिय स्रोत व्यवस्थापन

४. यस कार्यविधि बमोजिम प्रदान गरिने प्रोत्साहन तथा फिल्ड भत्ता गाँउपालिकाले गाँउ सभा बाट विनियोजित वजेट तथा अन्य स्रोत बाट भुक्तानी गर्नुपर्नेछ ।

**५. कार्यान्वयन कार्यविधि**

१. प्रोत्साहन भत्ता उपलब्ध गराँउदा तोकिएका कर्मचारीहरुले कार्यालय समय भन्दा अतिरिक्त कार्य गरेको र फिल्ड भत्ता उपलब्ध गराउँदा तोकिएका कर्मचारीहरुले आवश्यक्ता अनुरुप फिल्डमा खटिएको कुरा सम्वन्धीत शाखा वा स्वयं व्यक्ती बाट पेश गरि प्रत्येक महिनामा उपलब्ध गराइनेछ ।

२. प्रशासन सेवा अन्तर्गतका प्रमुख प्रशासकिय अधिकृत, प्रशान शाखा प्रमुख, योजना शाखा प्रमुख, जिन्सी शाखा प्रमुख, र आर्थीक प्रशासन शाखा अन्तर्गतका सम्पुर्ण कर्मचारीलाई अतिरिक्त कार्य गरेवापतशुरु तलव स्केलको ४० प्रतिशत रकम प्रोत्साहन स्वरुप कायपालिकाको निर्णय बमोजिम उपलब्ध गराउन सक्नेछ र प्राविधिक शाखाका इन्जिनियर, सब इन्जिनियर, असिस्टेन्ट सव इन्जिनियर र खा.पा.स.टे.लाई विनियोजित वजेट वा अन्य स्रोत बाट शुरु तलव स्केलको ४० प्रतिशत रकम मासिक प्रोत्साहन तथा फिल्ड भत्ताको रुपमा प्रदान गरिनेछ । अन्य शाखाका प्रमुख तथा

कर्मचारीहरुलाई कार्यालय समय भन्दा अतिरिक्त कार्य गरेवापत मात्र प्रोत्साहन स्वरुप दिइने।

## परिच्छेद - चार

## संसोधन तथा परिमार्जन

६. माडी गाँउपालिका कर्मचारी प्रोत्साहन तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि २०८१ लाई थप प्रभावकारी बनाउन आवश्यक्ता अनुसार गाँउकार्यपालिका बाट संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

आयज्ञाले,
यज्ञ बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत